कलैया उपमहानगरपालिकाद्वारा प्रकाशित

# कलैया राजपत्र

खण्डः ६ संख्याः ३ मितिः २०८०/१०/०४

## भाग — १

## कलैया उपमहानगरपालिका

बारा, मधेश प्रदेश, नेपाल

# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धि ऐन-२०८०

**प्रस्तावनाः** कलैया उपमहानगरपालिका क्षेत्र भित्र प्रचलित कानून एंव मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्वयनमा सहयोग र सहजिकरण गर्न, सार्वजानिक तथा निजी सम्पत्तिको सुरक्षा र संरक्षण गरी उपमहानगरपालिकामा कानूनको शासन स्थापित गर्दै नगरवासीलाई न्याय, शान्ती तथा सुरक्षा व्यवस्थाको प्रत्याभूती गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न, नगर क्षेत्र भित्रका प्राकृतिक तथा साँस्कृतिक साधनश्रोत र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न जुनसुकै बेला आउन सक्ने विपद् र अन्य आकस्मिक घटनाहरुको तत्काल संबोधन र समन्वय गरी नगरवासीको

१ कार्यपालिकामा विधेयक प्रस्तुत मितिः २०८०/०९/१८ नगरसभामा पेश गरिएको मितिः २०८०/०९/१९ नगरसभाबाट स्विकृत मितिः२०८०/०९/२१ प्रमाणीकरण मितिः २०८०/१०/०४

जनधनको सुरक्षा गर्दै स्थानीय सरकारको अनुभूती प्रदान गर्न नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७(४) र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २(१) ले दिएको अधिकार प्रयोग गरी कलैया उपमहानगरपालिकाले यो "नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८०" बनाई लागू गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१) यस ऐनको नाम "नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८०" रहेको छ ।

२) यो ऐन कलैया उपमहानगरपालिकाको नगर सभाले स्वीकृत गरेपछि लागू हुनेछ ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) "नगरपालिका" भन्नाले कलैया उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

ग) "कार्यालय" भन्नाले कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ) "समिति" भन्नाले कलैया उपमहानगरपालिकाको यस ऐन बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

ङ) "नगर प्रहरी" भन्नाले कलैया उपमहानगरपालिकाबाट नियुक्त भएका प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

च) "भत्ता" भन्नाले यस ऐन बमोजिम तोकिएको भत्ता सम्झनु पर्दछ ।

छ) "कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ज) "नगर सभा" भन्नाले यस उपमहानगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

ञ) "नगर प्रहरी" भन्नाले यस ऐन बमोजिम नियुक्त भएका नगर प्रहरी सम्झनुपर्छ ।

## परिच्छेद – २
## नगर प्रहरी सेवा गठन, व्यवस्थापन र नियन्त्रण

३. नगर प्रहरी सेवाको गठन -

१) उपमहानगरपालिकामा एक नगर प्रहरी सेवा रहने छ । नगर प्रहरी सेवामा रहने नगर प्रहरीहरुको संख्या कम्तिमा १० जना महिला सहित बढीमा ३५ जनाको हुनेछ ।

 कार्यपालिकामा विधेयक प्रस्तुत मितिः २०८०/०९/१८ नगरसभामा पेश गरिएको मितिः २०८०/०९/१९ नगरसभाबाट स्विकृत मितिः२०८०/०९/२१ प्रमाणीकरण मितिः २०८०/१०/०४

२) उपदफा (१) बमोजिमको पदको वर्गीकरण अनुसूची-१ बमोजिम हुनेछ ।

३) नगर प्रहरीको तलब र अन्य सेवा सुविधा सम्बन्धी व्यवस्था करार समझौता बमोजिम हुनेछ ।

४) नगर प्रहरीको व्यवस्थापन गर्ने जिम्मेवारी नगर प्रहरी समन्वय शाखा र सम्बनधित महाशाखाको हुनेछ ।

५) नगर प्रहरीको नियन्त्रण र निर्देशन गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृत वा नगर प्रहरी समन्वय शाखाको हुनेछ ।

## परिच्छेद – ३
## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

४. नगर प्रहरीको काम, कर्तव्य र अधिकारः- नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

ख) आवश्यकता परेको बेला नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरूको सुरक्षा गर्ने,

ग) नगर कार्यपालिकाको अन्तर्गत रहेका कार्यालयहरूमा शान्ति सुरक्षाको कायम गर्ने,

घ) नगर क्षेत्रभित्र रहेका ऐलानी, पर्ती तथा सार्वजनिक सम्पत्तिको रेखदेख, सुरक्षा र संरक्षण गर्ने,

ङ) स्थानीयस्तरमा हुने सभा समारोह र चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने,

च) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने,

छ) नगरको सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने गराउने,

ज) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने गराउने,

झ) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनरुथापना गर्ने,

ञ) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड हटाउने तथा नियन्त्रण गर्ने,

ट) छाडा चौपायको नियन्त्रण गर्ने,

ठ) अनाधिकृत रुपमा निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

ड) सार्वजनिक आवागमनमा बाधा पुर्याई राखेका निर्माण सामाग्री, पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने, नमानेमा आफै हटाउने र हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गरी आन्तरिक राजस्व खातामा दाखिला गर्ने,

ढ) सार्वजनिक जग्गा, बाटो, मठ-मन्दिर, ढल, नाला, चौक, पोखरी आदि मिचि कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको वा उपभोग गरिरहेको देखिएमा प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने,

नगर कार्यपालिकाको कार्यालय कलैया, बारा मधेश प्रदेश, नेपाल २०७३

ण) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा वा नक्शापास नगराई निर्माण कार्य गरेको पाइएमा त्यस्तो कार्यलाई तुरुन्त रोक्का गरी नियमानुसार घर-नक्सा पास गराई निर्माण कार्यको अनुमति लिई मात्र कार्य गर्न दिने,

त) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्ने ।

थ) खतरा उत्पन्न हुने रुख हटाउनु परेमा, जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने तथा आदेशानुसार गर्ने,

द) वडा समिति र सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

ध) नगर कार्यपालिका, विषयगत समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने, गराउने,

न) ईजाजत विना व्यवसाय संचालन गरेको फेला परेमा व्यवसायको दर्ता गर्न लगाउने,

न्) नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने, अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने ।

प) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने,

फ) पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने र चेक गर्ने,

ब) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने,

भ) नगर क्षेत्रभित्र विकृतीजन्य क्रियाकलापमा रोक लगाउने, ,

म) नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने,

य) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने,

र) दमकल सेवामा आवश्यक परेमा सहयोग गर्ने,

र) विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने,

ल) नगरपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने,

) नगरपालिका अन्तगर्तका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने,

) माथि तोकिए बमोजिमका कार्यहरु जिम्मेवारी लिई जवाफदेहिताका साथ बहन गर्ने,

व) उपमहानगरपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ,

श) यस नगरपालिका भित्र जथाभावि रुपमा सडकको पेटीमा थ्रेसर लगायत धान काटने मेसिन राखि अन्य यात्रीलाई असर पार्ने गरेको देखिएमा सोलाई नियन्त्रण गर्ने ।

## परिच्छेद –४
## तह विभाजन र पदपूर्ति

५. नगर प्रहरीको दरवन्दी सिर्जना प्रकृया -

क) उपमहानगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी नगर सभाले निर्णय गरे वमोजिम हुनेछ ।

ख) श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ ।

ग) नगर प्रहरी पद करार सेवामा मात्र पदपुर्ति गरिनेछ।

६. पदपूर्तिः- (१)नगर प्रहरी सेवा करारको पदमा पदपूर्ति गर्दा पचास प्रतिशत खुल्ला प्रतिश्पर्धाद्वारा र ५० प्रतिशत आन्तरिक\दैनिक ज्यालादारीमा कार्यरत कर्मचारी वीच प्रतियोगिता\प्रतिस्पर्धा गराई उत्कृष्ट कर्मचारीलाई समावेश गरी पदपूर्ति गरिनेछ ।

(२) असाल आचरण भएको र करिव ६ महिना आन्तरिक वा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीले आन्तरिक प्रतिस्पर्धामा भाग लिन पाउनेछ।

७. नियुक्ति गर्ने अधिकारीः—(१)पदपूर्ति समितिको सिफारिसमा छनौट भएका नगर प्रहरीको नियुक्ति प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

८. खुल्ला प्रतियोगितामा भाग लिने व्यक्तिहरुको योग्यता —१) नगर प्रहरी पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्ने छन् ।

क) नेपाली नागरिक

ख) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

ग) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

घ) दरखास्त आब्हान भएको मितिबाट ३५ वर्ष ननाघेको ।( तर विभागिय कर्मचारीको हकमा उमर हद लाग्ने छैन्।)

२)नगर प्रहरीहरुको शैक्षिक योग्यता र बढुवा सम्बन्धी व्यवस्था

क) नगर प्रहरी निरीक्षक पदको लागी कम्तिमा प्रवीणता प्रमाण पत्र तह उतीर्ण गरेको र प्रहरी सहायक निरिक्षकमा २ वर्ष कार्य गरेको हुनु पर्छ र उमेर हद ५८ वर्ष ननाघेको हुनुपर्नेछ।

ख) नगर प्रहरी नायब निरिक्षक पदको लागी कम्तिमा प्रविणता प्रमाण पत्र उतीर्ण र सुरक्षा सेवामा २ वर्ष कार्य गरेको अनुभव हुनु पर्छ।( बढुवा प्रक्रियाको लागी मात्र)

ग) नगर प्रहरी सहायक निरिक्षक पदको लागी कम्तिमा प्रविणता प्रमाण पत्र उतीर्ण।।

घ) नगर प्रहरी हवल्दार पदको लागी कम्तिमा कक्षा १० वा सो सरह उतीर्ण गरेको ।



CamScanner

ङ) नगर प्रहरी जवान पदको लागी कम्तिमा कक्षा ८ उतीर्ण गरेको।

३) नगरपालिकाको स्थायी श्रेणी विहिन पदमा कार्यरत कर्मचारीलाई समायोजन गरी पदपुर्ति गर्दा कार्यरत तहमा नै समायोजन गर्ने र नगरकार्यपालिकाले निर्णय गर्दा माथी उल्लेखित योग्यता आवश्यक पर्ने छैन्।

४)नगर प्रहरीको अन्य योग्यता अनुसूचि २ बमोजिम हुनेछ।

९.पदपूर्ति समिति - उपमहानगरपालिकाको नगर प्रहरी पदपूर्ति समिति निम्नानुसार हुनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत – अध्यक्ष,

ख) जिल्ला प्रहरी कार्यालयको कम्तीमा अधिकृत स्तरको प्रहरी – सदस्य,

ग) प्रशासन शाखा प्रमुख वा प्रशासन शाखाका कर्मचारी – सदस्य सचिव

नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा सम्बन्धित विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

१०. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार - १) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार मान्ने र आवश्यक्तानुसार पदपूर्ति समितिले पाठ्यक्रममा मात्र हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सकिने छ ।

ख) पदपूर्ति कार्यतालिका बनाउने ।

ग) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

घ) शारिरीक तन्दुरुस्तीको परीक्षा ५० अंकको हुने र शारिरीक तन्दुरुस्ती परीक्षा संचालन गरी उक्त परीक्षा उतीर्ण भएका उम्मेदबारहरुलाई मात्र लिखित परीक्षामा समावेश गराउने ।

ङ)लिखित परीक्षा ५० अंकको हुने र लिखित परीक्षा उतीर्ण गरेका उम्मेदवारहरुको अन्तरवार्ता लिने र अन्तरवार्ता २० अंकको हुने।

च)खण्ड घ र ङ को दुवै परीक्षको प्राप्ताङ्क अंकको आधारमा सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई नियुक्तीका लागि सिफारिश गर्ने ।

छ) उपधारा (१) को खण्ड (क) देखि खण्ड (च) सम्म जेसुकै कुरा उल्लेख भएतापनि नगर प्रहरी सहायक निरिक्षक, नगर प्रहरी निरिक्षक र नगर प्रहरी नायब निरिक्षक पदको पदपुर्ति खुला र बढुवाद्वारा गरिनेछ । खुला प्रतियोगिताद्वारा पदपुर्ति गर्दा लिखित र अन्तरवर्ता परिक्षा मात्र लिई पदपुर्ति गरिनेछ ।लिखित परिक्षा १०० अंकभारको र अन्तरवर्ता परिक्षा २० अंकभारको हुनेछ । लिखित परिक्षामा उतिर्ण भएको उम्मेदवारलाई अन्तरवर्तामा बोलाईनेछ ।



CamScanner

२) पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्याद पन्ध्र दिन राखी स्थानीय पत्रीकामा सूचना प्रकासित गर्नु पर्नेछ ।

११. करार सम्झौता गर्ने —

क) सिफारिस भएको उम्मेदवारहरुसँग प्रमुख प्रशासकीय अधिकृतले करार समझौता गर्ने,

ख) नियुक्ति/सम्झौताको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र नियुक्ति सम्झौता दिनु पर्नेछ,

१२. जेष्ठताक्रम कायम गर्ने -

क) नगर प्रहरी जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

ख) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

१३. तालिम दिनु पर्ने - नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई तालिम दिनु आवश्यक्ता देखीएमा नगरपालिकाले आवश्यक्ता अनुसार तालिम दिन सक्नेछ।

## परिच्छेद –५
## उपमहानगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

१४. उपमहानगरपालिका प्रशासनको नियन्त्रण रहनेः- नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

१५. नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुनेः- उपमहानगरपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुखमार्फत नै गर्नुपर्नेछ ।

१६. कारवाही गर्दा परामर्श लिने —

कुनै पनि तहका नगर प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ ।

## परिच्छेद – ६
## विदा

१७. विदाः- नगर प्रहरी कर्मचारीले वर्ष भरीमा जम्मा १२ दिन भैपरी विदा पाउने छन्।

१८. विदा स्वीकृत गर्ने अधिकारी:- नगर प्रहरीले विदा फारम भरी पेश गरेको खण्डमा प्रमुख प्रशासकीय अधिकृतले विदा स्वीकृत गरेमा विदा स्वीकृत हुनेछ।

## परिच्छेद ७
## आचरण

१९. दान उपहार लिन नहुने:- आफ्नो काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले उपमहानगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

२०. चन्दा लिन नहुने – कुनै नगर प्रहरी कर्मचारीले उपमहानगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

२१. व्यापार व्यवसाय गर्न नहुने – कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन:

क) कुनै व्यापार गर्न

ख) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

ग) कुनै व्यवसाय चलाउन ।

२२. उपमहानगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने:- नगर प्रहरी कर्मचारीले उपमहानगरपालिका द्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैहसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैहसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

२३. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने – नगर प्रहरी कर्मचारीले उपमहानगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफनै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

२४. उपमहानगरपालिकाको आलोचना:-नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा उपमहानगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा उपमहानगरपालिका र उपमहानगरबासीमा खल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

२५. निर्वाचनमा भाग लिन नहुनेः- नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

२६. राजनीतिमा भाग लिन नहुनेः- नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

२७. समय पालन र नियमितताः- नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

२८. अनुशासन र आज्ञापालन -

क) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

ख) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

ग) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ ।

२९. नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुनेः- नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

## परिच्छेद -८
## सजाय र पुनरावेदन

३०. सजायः- उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ -

क) नसिहत दिने ।

ख) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

ग) तलव वृद्धि रोक्का गर्ने ।

घ) तल्लो तहमा घटुवा गर्ने

ङ) लापरवाही गरी उपमहानगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

च) करार सम्झौता रद्द गर्ने।

३१. नसिहत दिने वा प्रतिकूल राय लेखेः-
नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजलाई अन्य सजायको कारवाही चलाउनेछ।

३२. तलब वृद्धि वा पदोन्नति रोक्नेः- नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

३३. दर्जा र तलब घटाउनेः- कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र उपमहानगरपालिकालाई हानि नोक्सानी पुर्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा ।

ख) अनुशासनहीनता गरेमा ।

ग) आचरणसम्वन्धी कार्यविधि उल्लंघन गरेमा ।

घ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वियन नगरेमा ।

ङ) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

च) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

३४. नोकरीबाट हटाउने वा बर्खास्त गर्नेः- देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारणले आफनो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा

ख) राजनीतिमा भाग लिएमा

ग) वरावर अनुशासनहीनताको काम गरेमा

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा

च) भ्रष्टाचार गरेमा

छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

३५. सजाय सम्बन्धी कार्यविधि - १) नगर प्रहरी कर्मचारीलाई सजाय सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिंदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ । तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस कार्यविधि वमोजिमको कार्यविधिको रीत पुर्याउनु पर्ने छैन ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

४)कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ । तर

क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन ।

ख) कुनै कर्मचारी उपमहानगरपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन ।

३६. सजायको आदेश दिनेः- जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

३७. सेवाको अन्त गर्नेः- कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा ऐन र यस ऐन वमोजिमको कार्यविधि अपनाउनु पर्नेछैन ।

क) तालिम पुरा गर्न नसकेको खण्डमा,

ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहर्याएमा,

ग) यस नियममा अन्यत्र कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारी डिउटीमा खटिएको वेला वा दैविक प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी अशक्त भएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिईनेछ र निजलाई ३ वर्षसम्म खाईपाई आएको पुरा तलब भत्ता पाउनेछ ।

घ) नगर प्रहरी कर्मचारीको अशक्तताको निर्धारण गर्न देहायवमोजिमका समिति रहने छन्ः

i) प्रमुख प्रशासकीय अधिकृत- अध्यक्ष

ii) प्रतिनिधि - चिकित्सक, नेपाल सरकार मातहतको अस्पताल - सदस्य

iii) नगर प्रहरी प्रमुख - सदस्य सचिव

ङ) समितिलाई कुनै नगर प्रहरी कर्मचारको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा दुर्घटना वा विपद् वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्वन्धमा निर्णय गर्नेसमेत अधिकार हुनेछ ।

३७. उपचार खर्च - १) कुनै नगर प्रहरी कर्मचारी नियमित कार्यसम्पादनको सिलसिलामा चोटपटक लागेमा औषधि उपचारको लागि देहाय वमोजिम भएको खर्चको रकम उपमहानगरपालिकाले उपचार खर्च वापत दिनेछः-

क) अस्पताल भर्ना भई वा नभई उपचार गराउँदा लागेको विल वमोजिमको खर्च र अस्पतालको चिकित्सकको रोगको निदान सहतिको प्रेशक्रिप्शन वमोजिम खरिद गरेको औषधि खर्च ।

## परिच्छेद -९
## तलब, भत्ता

३८. तलब भत्ताः- नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिदेखि तलब भत्ता पाउने छ ।

३९. तलब वृद्धिः- तलब वृद्धि सम्बन्धि व्यवस्था नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

## परिच्छेद -१०
## तालिम

४०. तालिमको व्यवस्थाः- नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन कलैया उपमहानगरपालिकाले तोकिए वमोजिमको आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सकिनेछ ।

४१. तालिम संचालन हुने स्थान — उपमहानगरपालिकाले तोकिएको स्थानमा हुनेछ ।

४२. तालिमको अनिवार्यता -

क) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ। यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ।

ख) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।



CamScanner

४३. प्रारम्भिक पोशाकः-

क) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि चाहिने प्रारम्भिक पोशाक कलैया उपमहानगरपालिकाले दिनेछ ।

## परिच्छेद –११
## पोशाक

४४. नगर प्रहरी पोशाकः- नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४५. प्रारम्भिक पोशाक र सामानः- प्रत्येक नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाको कार्यालयले तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

४६. जाडो मौसमका लागि दिइने पोशाकः- प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ । हरेक तीन बर्षको लागि एक सेट पोशाक उपलव्ध गराईने छ ।

४७. तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधाः- नगर प्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम सिलाई ज्याला दिइनेछ ।

४८. नगर प्रहरीको पोशाक सट्टा भर्नाः- नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे वमोजिम सटटा गरी नयाँ दिइनेछ ।

## परिच्छेद –१२
## विविध

४९. विभागीय आदेश र निर्देशनः- ऐन र यस कार्यविधिको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

क) कार्यमा छिटो छरितोपन ल्याउने विषय

ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्न विषय

ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय

घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय

ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

५०. पुरस्कारः- देहायका पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछन् ।

५१. चाडपर्व खर्च पाउनेः- नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

५२. अन्य सुविधा तथा व्यवस्थाः-

क) नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

ख) हाल करार सेवामा रहेका नगर प्रहरी जवानहरुको हकमा यो कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यविधि जारी भएपछि हुने पहिलो नगर प्रहरी जवान पदको खुल्ला विज्ञापनमा एक पटकलाई भाग लिन उमेरको हद लाग्ने छैन ।

ग) यो कार्यविधि जारी भए पश्चात रिक्त नगर प्रहरी जवान पदमा खुल्ला विज्ञापन मार्फत पदपूर्ति गरेपछि सेवा करारमा कार्यविधि जारी हुँदाको बखत कार्यरत बाहेक थप नगर प्रहरी राखिने छैन ।

**५३. बाधा अड्काउ फुकाऊः-** कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा व्यवस्था नभएका विषयहरुको हकमा नेपाल प्रहरी नियमावली, २०७१ बमोजिम हुनेछ ।

**५४. ऐनको संशोधनः-** यस ऐनको आवश्यक संशोधन कलैया उपमहानगरपालिका नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**५५. खारेजीः-** नगर प्रहरी ऐन २०... खारेज गरिएको छ। र सो ऐन बमोजिम काम काज गर्दै आएकोमा अब यहि ऐन बमोजिम काम काग गर्दै आईरहेको छ भनि मानिनेछ।

**अनुसूची-१**

**दफा ३ को उपदफा २ संग सम्बन्धित**

**पदको वर्गीकरण**

क.नगर प्रहरी निरीक्षक - एक जना।

ख.नगर प्रहरी नायक निरीक्षक —एक जना।

ग.नगर प्रहरी सहायक निरीक्षक — दुई जना।

घ. नगर प्रहरी हवलदार — चार जना।

ङ. नगर प्रहरी जवान — सताईस जना।

**अनुसूची २**

**दफा ८(३) बमोजिम**

**नगर प्रहरी लागी अन्य आवश्यक न्यूनतम योग्यता**

क) मान्यता प्राप्त विश्वविधालयबाट कम्तिमा प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको ।

ख) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी. भएको ।

ग) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको ।

घ) आँखा माइनस २ वन·प्लस २ भन्दा बढी कमजोर नभएको ।

ङ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

च) भविष्यमा समान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरीने गरी नोकरीवाट बर्खास्त नभएको ।

छ) नेपाली नागरीक भई नागरीकता प्रमाण पत्र प्राप्त गरेको ।

ज) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।

## अनुसूची ३
## दरखास्त फारमको ढाँचा
## कलैया उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय



CamScanner

कलैया बारा
मधेश प्रदेश नेपाल
नगर प्रहरीको लागी दरखास्त फारम

१.विज्ञापन नः-
२.विज्ञापन मितिः-
३.सेवा
४.समूह\उपसमूहः-
५.श्रेणी\तहः-
६.पदः-
७.खूल्ला प्रतिस्पर्धा\ आन्तरिक प्रतिस्पर्धाः-

क) ब्यक्तिगत विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| | नाम थर | देवनागरीमा | | | |
| | | अंग्रेजी ठुलो अक्षरमा | | | |
| नागरिकता प्रमाण पत्र नम्बर | | | जारी गर्ने जिल्ला - | जारी मिति - | |
| स्थायी ठेगाना | जिल्ला | | म.न.पा./उ.म.न.पा./गा.पा | | |
| | वार्ड नम्बर | | टोल - | सम्पर्क नम्बर | |
| जन्म मिति ( विक्रम सम्बत) | | | जन्म मिति ( ईस्वी सम्बत) | | हालको उमेर - |
| पत्रचार गर्ने ठेगाना | | | | | |
| बाबुको नाम, थर | | | | स्थायी ठेगाना | |
| आमाको नाम, थर | | | | स्थायी ठेगाना | |
| बाजेको नाम, थर | | | | स्थायी ठेगाना | |

ख) शैक्षिक योग्यता/ तालिम

| शैक्षिक योग्यता | विश्वविधालय/तालिम दिने संस्था | शैक्षिक उपाधी/ तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| | | | | | |

## प्रवेश पत्र

प्रवेशपत्रमा परीक्षार्थीले भर्ने:—

क) सेवा -

विज्ञापन नं.

ख) समूह -

ग) उपसमूह -

घ) श्रेणी/तह -

फोटो

ङ) पद -

च) परीक्षा केन्द्र -

छ) उम्मेदवारको नाम, थर -

दस्तखत -

कर्मचारीले भर्ने —यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

परीक्षा केन्द्र -

रोल नम्बर -

अधिकृतको

दस्तखत

उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु -

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।

२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन ।

३. लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ ।

४. परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ । वस्तुगत परीक्षा शुरु भएको १५ मिनेट पछि र विषयगत परीक्षा शुरु भएको आधा घण्टा पछि आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षा संगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा वस्न पाउने छैन ।

५. परीक्षा हलमा प्रवेश गर्न पाउने समय अवधि (बुँदा नं. ४ मा उल्लेख गरिएको) बितेको १० मिनेट पछाडि मात्र उम्मेदवारलाई परीक्षा हल बाहिर जाने अनुमति दिइने छ ।

६. परीक्षा हलमा प्रवेश गरे पछि किताब, कापी, कागज, चिट आदि आफू साथ राख्नु हुंदैन । उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्न हुंदैन । ,७. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारबाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ ।

८. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा आयोग जवाफदेही हुने छैन ।

९. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ ।

१०.आयोगले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ ।

११.उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्न पत्रको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेखुपर्ने छ । नलेखेमा स्वतः रद्द हुनेछ ।

१२.ल्याकत (आई.क्यू.) परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछैन ।

१३.कुनै उम्मेदवारले प्रश्नपत्रमा रहके अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरुलाई वाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ ।

आज्ञाले

नाथु साह

प्रमुख प्रशासकीय अधिकृत